# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४ ] काठमाडौं, वैशाख १० गते २०३१ साल [ अतिरिक्ताङ्क २

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०१२ को परिच्छेद ३ को दफा १८ (१) अनुसार नेपाल राष्ट्र बैंकले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रू. १।– (एक) दरको नेपाली नोट र रू. १००।– (एकसय) दरको नेपाली नोट यही २०३१ साल वैशाख १४ गतेदेखि चलन-चल्तीमा ल्याउन नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ (६) बमोजिम श्री ५ को सरकारबाट स्वीकृति दिइएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| (क) | नोटको दर | — | रूपैयाँ एक |
| | आकार | — | ७० × १०७ मिलिमिटर |
| | मुख्य रङ्ग | — | फिक्का नीलो |

नोटको रूपरङ्गको विस्तृत विवरणः–

अगाडिपट्टि

नोटको बायाँपट्टि फिक्का नीलो रङ्गको पृष्ठभूमिमा राजकीय पोशाक पहिरिबक्सेको फिक्का नीलो रङ्गको फाहा दिइएको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको आवक्ष चित्र हुन्छ । श्री ५ महाराजाधिराज सरकारको चित्रको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बायाँ तथा माथिल्लो भागमा काठमा कुँदिएको नेपाली शिल्पकलाका बुट्टाहरू हुन्छन् । नोटको दायाँ बायाँ माथिल्लो कुनामा शरदको चित्र अङ्कित हुन्छ । नोटको माथिल्लो किनाराको मध्य भागमा नीलो जालीदार बुट्टा हुन्छ । नोटको बीच भागमा श्री पशुपतिनाथको मन्दिर हुन्छ । सोसंगै सुनको बसाहा पनि रहेको हुन्छ । सो मन्दिरको तल्लो भागमा मसिनो जालीदार बुट्टा हुन्छ । नोटको दायाँपट्टि नेपाली काठको बुट्टे क्यालभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ । पानी चित्रको माथि नेपाली मुद्राको चित्र र पानी चित्रको तल्लो भागमा क्रमिक सांकेतिक अक्षर र अङ्क सहितको नम्बर हुन्छ । एक दरको नोटको क्रमिक नम्बर क/१ ०००००१ देखि शुरू हुन्छ । नोटको बीचको माथिल्लो भागमा नेपाल राष्ट्र बैंकको नाम र श्री ५ को सरकारको जमानत प्राप्त लेखिएको हुन्छ । त्यसको मुनि "यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रूपैयाँ १ तुरुन्त पाइनेछ" भन्ने कुरा उल्लेख भएको हुन्छ । यस नोटको बीचमा रहेको श्री पशुपतिनाथ मन्दिरको तल्लो भागको माथि नेपाल राष्ट्र बैंकका गभर्नरको हैसियतले कुलशेखर शर्माको दस्तखत छापिएको हुन्छ ।

पछाडिपट्टि

सेतो रङ्गको पृष्ठभूमि रहेको नोटको मध्य भागमा आमादावलाम हिमालको दृश्य र त्यसको मुनि कस्तूरी मृगको भाले पोथी बायाँतिर दौडेका हुन्छन् । नोटको बायाँपट्टि सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ । यसको दायाँपट्टि नीलो रङ्गको नेपाली बुट्टे थाम र थामको माथिल्लो भागमा नेपाल राष्ट्र बैंकको चिह्न हुन्छ । नेपाल राष्ट्र बैंकको चिह्नको बायाँपट्टि फूल बुट्टाको चित्र र त्यसको मुनि नेपालको मन्दिरबाट लिइएको काठको बुट्टा हुन्छ । दायाँपट्टि माथि-तिर मसिलो जालीदार बुट्टाको चित्र हुन्छ । दायाँपट्टि माथितिर छेउमा नेपालको निशाना छाप अङ्कित हुन्छ । नोटको तल्लो भागको बायाँ र दायाँ कुनामा क्रमशः नेपालीमा रू. १ र अंग्रेजीमा रू. १ उल्लेख गरिएको हुन्छ सो अङ्कको बीचमा जालीदार लामो बुट्टा हुन्छ ।

| | | | |
|---|---|---|---|
| (ख) | नोटको दर | — | रूपैयाँ एकसय |
| | आकार | — | ७० × १४६ मिलिमिटर |
| | मुख्य रङ्ग | — | हरियो |

नोटको रूपरङ्गको विस्तृत विवरणः—

अगाडिपट्टि

नोटको बायाँपट्टि हरियो रङ्गको पृष्ठभूमिमा राजकीय पोशाक पहिरिबक्सेको हरियो रङ्गको फाहा दिइएको श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको दायाँतिर नजर होइबक्सेको आवक्ष चित्र हुन्छ । नोटको माथिल्लो किनारामा दायाँ र बायाँ कुनाहरूमा काष्ठ-कलाका बुट्टाहरू अङ्कित गरिएका हुन्छन् । माथिल्लो किनाराको मध्य भागमा हरियो जालीदार

११८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बुट्टा हुन्छ । श्री ५ महाराजाधिराज सरकारको चित्रको दायाँपट्टि तल्लो किनारामा ताराको मूर्त चित्र हुन्छ । नोटको तल्लो भागमा लम्बाइबाट वारपार हुने गरी हरियो रङ्गको जालीदार बुट्टाको किनारा हुन्छ । नोटको मध्य भागमा फिक्का प्याजी रङ्गको पृष्ठभूमिमा प्याजी रङ्गको फाहा दिइएको लोत्से र नुप्से हिमशिखरको पृष्ठभूमिको मध्य भागमा सगरमाथाको चित्र हुन्छ ।

हिमशिखरको दायाँपट्टि भक्तपुरको पाँचतले मन्दिरको चित्र हुन्छ र त्यसको दायाँ-तिर बुट्टेदार थामको चित्रको चौकोसभित्र सेतो सतहमा श्रीपेचको पानी चित्र हुन्छ । पानी चित्र-माथि नेपाली मुद्राको चित्र हुन्छ । नोटको तल्लो भागको बायाँ तथा दायाँपट्टि क्रमिक सांकेतिक अक्षर र अङ्क ( Prefix ) सहितको नम्बर हुन्छन् । यस नोटको क्रमिक नम्बर क/१ ००००0१ देखि शुरु हुन्छ ।

नोटको बीचको माथिल्लो भागमा नेपाल राष्ट्र बैंक भन्ने शब्द मुनि "श्री ५ को सरकार-को जमानत प्राप्त" र "यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रूपैयाँ एकसय तुरुन्त पाइनेछ" भन्ने वाक्य उल्लेख भएको हुन्छ । यस नोटको बीचको तल्लो भागमा जालीदार बुट्टाको पृष्ठभूमिमा नेपाल राष्ट्र बैंकका गभर्नरको हैसियतले कुलशेखर शर्माको दस्तखत छापिए-को हुन्छ ।

पछाडिपट्टि

नोटको तलमाथि लम्बाइपट्टि नेपाली काष्ठकलाका बुट्टाहरूको साथ मसिनो जालीदार बुट्टाहरू हुन्छन् । नोटको बायाँपट्टि माथिल्लो कुनामा आँखाको चित्र हुन्छ । बायाँपट्टि सेतो पृष्ठ-भूमिमा श्रीपेचको पानी चित्र हुन्छ । पानी चित्रको तल्लो भागमा बाटुला जालीदार चार बुट्टाहरू हुन्छन् । पानी चित्रको दायाँपट्टि बेल बुट्टाले भरिएको थामको तल्लो भागमा नेपाल राष्ट्र बैंकको चिह्नको चित्र हुन्छ । नोटको मध्य भागमा बायाँतिर फर्केको गैंडाको चित्र हुन्छ । गैंडाको माथिल्लो र तल्लो भागमा क्रमशः रूपैयाँ एकसय ( Rupees one hundred ) लेखिएको हुन्छ । दायाँतिर नोटको माथिल्लो कुनामा नेपालको निशाना छाप अङ्कित हुन्छ । नोटको तल्लो भागको बायाँ कुनामा नेपालीमा १०० र दायाँ कुनाको बदामी आकारभित्र अंग्रेजीमा १०० उल्लेख गरिएको हुन्छ ।

सुरक्षाको निमित्त नोटको दायाँपट्टि कागजभित्र देखिने लामो धातुको धागो हुन्छ ।

आज्ञाले—
नरकान्त अधिकारी
श्री ५ को सरकारको निमित्त सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

११६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

120

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।